This Question Paper consists of 30 questions and 6 printed pages.

Roll No. | | | | | | | | | | | | |  Code No. **52/AS/4**

Set **A**

# NEPALI

# ( नेपाली )

# (231)

Day and Date of Examination ______________________

Signature of Invigilators 1. ______________________

2. ______________________

**सामान्य अनुदेश :**

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस्।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन।
5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. **52/AS/4-A** लेख्नुहोस्।

# NEPALI

# ( नेपाली )

# (231)

समय : 3 घण्टा ] [ पूर्णाङ्क : 100

**निर्देश :**

1. **सबै** प्रश्नको उत्तर अनिवार्य छ।
2. **सबै** प्रश्नहरू ध्यानपूर्वक पढ़ी उत्तर दिनुहोस्।
3. प्रश्न संङ्ख्या 1 देखि 11 सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफ्नो उत्तर-पुस्तिकामा लेख्नुहोस्।

---

**1.** भानुभक्त आचार्यलाई पनि भनिन्छन् : **1**

(A) नेपाली कवि (B) गोर्खाली कवि

(C) नेपाली जातीय कवि (D) नेपाली राष्ट्रिय कवि

**2.** मास्टर मित्रसेन थापाले 'गोरखाली जाति' रचेका छन् : **1**

(A) आफ्नो जातिको अवस्थालाई लिएर (B) आफ्नो गाउँको अवस्थालाई लिएर

(C) आफ्नो एलाकाको अवस्थालाई लिएर (D) कुनै पनि हैन

**3.** 'सिकारुप्रति' कविताको कवि गर्छन् मानिसको : **1**

(A) कर्तव्यको पुकार (B) धर्मको पुकार

(C) सभ्यताको पुकार (D) जातिको पुकार

**4.** 'एउटा चिट्ठी परेवालाई' मा परेवा प्रतिक हो : **1**

(A) तृष्णाको (B) शान्तिको (C) सत्यको (D) अहिंसाको

5. ‘नासो’ कथा हो : 1

(A) सुखान्त (B) वियोगान्त (C) व्यङ्ग्यात्मक (D) ध्वंसात्मक

6. ‘सिपाही’ शीर्षक कथा छ : 1

(A) अप्ठेरो (B) उपदेशात्मक

(C) रसिलो (D) रसिली र रमाइलो

7. कुन सालमा दार्जीलिङमा सरकारी भाषाको रूपमा नेपाली मान्यता प्राप्त गरे? 1

(A) 1965 (B) 1966 (C) 1967 (D) 1968

8. ‘नैतिक दृष्टान्त’ को भाषा–शैलीमा पाइन्छन् धेरै : 1

(A) संस्कृत शब्द (B) अङ्ग्रेजी शब्द

(C) फारसी शब्द (D) बोलचालको शब्द

9. पाई–चार्ट को अर्को नाम हो : 1

(A) प्रवाह तालिका (B) क्रम तालिका (C) वृक्ष तालिका (D) सिक्का चार्ट

10. सारांश लेखनको पहिलो चरण के हो? 1

(A) अनावश्यक कुराहरू छोडिदिनु (B) सहायक विषयको क्रम बनाउनु

(C) मुख्य भनाइको चयन (D) सामग्रीलाई पढ्नु

11. ‘कवि र कविता’ का कवि हुन् : 1

(A) माधवप्रसाद घिमिरे (B) पारसमणि प्रधान

(C) पुष्पलाल उपाध्याय (D) तुलसीबहादुर छेत्री

**12.** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

जागरणको सन्देश दिने धरणीधरका क्रियाकलाप नेपालका राणा शासकलाई मनपर्ने कुरा थिएन। यसैले पनि उनीहरुको भनाइ–सिकाइमा भारतका तत्कालीन अङ्ग्रेजी शासक द्वारा 1941 ई.मा उनलाई प्रेसिडेन्सी जेल, कलकत्तामा एक वर्ष सम्म थुनामा राखिथ्यो। यसो भए पनि उनी चुप लागेर बसेनन्।

कवि धरणीधरले आफ्नो कविताद्वारा दार्जीलिंङका डाँडाबाट राष्ट्रिय भावनाका गीत गाए। राष्ट्रिय जागरणको शङ्खघोष गरे, देशको दुर्दशाको चित्रण गर्दै शिक्षा र सुधारका निम्ति बिगुल बजाए। यसरी तत्कालीन परिस्थिति र शासनको विरोध गर्दै नेपाली जीवनमा उज्यालो ल्याउन कुलने कविहरूमा हामी धरणीधरको नाम पहिले पाउँध्यैं।

(i) धरणीधर के कस्तो कवि थिए? **1**

(A) राजभक्त (B) देशभक्त

(C) राज्याश्रित (D) राष्ट्रद्रोही

(ii) कवि धरणीधर कहाँको निवासी थिए? **1**

(A) भारत (B) भुटान

(C) नेपाल (D) पाकिस्तान

(iii) कसलाई कसको कस्तो क्रियाकलाप मनपरेन भनिएको हो? **3**

(iv) कुन आरोपमा कसले धरणीधरलाई कहाँ राखेका हुन्? **3**

(v) कुन रूपमा कविको नाम पहिले आउँछ भनिएको हो? **3**

(vi) कवि के कारण कहाँबाट दार्जीलिङ आउनु परेको हो? **1**

(vii) धरणीधर यदि दार्जीलिङ नआएका भए कसले के गर्ने थिए? **2**

**13.** निम्नलिखित पद्यांशलाई ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

भरजन्म घाँसतिर मन दिई धन कमायो
नाम क्यै रहोस् पछि मनेर कुवा खनायो
घाँसी दरिद्र घरको तर बुद्धि कस्तो
मो भानुभक्त धनि भैकन आज यस्तो।

(i) प्रस्तुत पद्यांश कविले कतिबेला लेखेका हुन्? **1**

(A) घाँसीसित भेट भए अघि (B) घाँसीसित भेट भएपछि

(C) घाँसीको मृत्युपछि (D) घाँसीको बाल्यकालमा

(ii) घाँसीको अर्ती सुनेर कविको मनमा कस्तो विचार आयो? **2**

(iii) कसले कसलाई कस्तो अर्ती दिएको थियो? **2**

**14.** बीजु कुन कथाको पात्र हो? **1**

15. सिपाहीको नाडीमा के बाँधिएको थियो ? 1

16. 'कलमवीर' कवितामा नवयुवक-युवतीलाई के भनिएको छ ? 1

17. 'ब्युँझेका यी छाप्राहरू' को अर्थ के हो ? 1

18. शब्द चयन के-लाई भनिन्छ ? 2

19. (क) निम्नलिखित कुनै **दुइ** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 2

निरुत्साह, कालान्तर, संहार, यद्यपि

(ख) निम्नलिखित कुनै **दुइ** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 2

हाँसो, राजा, विशाल, अन्त

(ग) निम्नलिखित कुनै **दुइ** शब्दका एक-एक पर्यायवाची शब्द लेख्नुहोस् : 2

माछा, वन, आँखा, चन्द्र

20. निम्नलिखित कुनै **दुइ** वाग्धारालाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् : 2

पखेटा लाग्नु, लामो हात गर्नु, मनमा चीसो पस्नु, तेल लगाउनु

21. निम्नलिखित कुनै **दुइ** जोड़ी शब्दलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् : 4

दिन-दीन, अनल-अनिल, फेरि-फेरी, इति-अर्ती

22. चुनाउमा हुन हिंसावारे दुइजना साथीहरूको सम्वाद आफ्नो भाषा-शैलीमा प्रस्तुत गर्नुहोस्। 5

23. एउटा कोलोनीमा 500 मानिस रहने गर्छन्। यसमध्ये 250 जना मानिसहरू नोकरी गर्छन्, 125 जना आफ्नै व्यवसाय गर्छन्, 62 जना साना-साना पसल चलाउँछन्। रहल दैनिक खेताला छन्। यस विभाजनलाई सिक्का चार्टमा देखाउनुहोस्। 5

24. निम्नलिखित वाक्यहरूमा उपयुक्त चिह्न प्रयोग गर्नुहोस् : 5

देशमा भएका उद्योग धन्दाका निम्ति काँचो पदार्थको पूर्ति वनले गर्छ यस्ता काँचो पदार्थहरूमा बाँस बेत छाला जड़ीबुटी मह आदि पर्दछन कागज उद्योग छाला उद्योग आदिका लागि काँचो सामग्री बनावट नै प्राप्त गर्न सकिन्छ।

25. 'सिपाही' कथाको भाषा-शैलीवारे लेख्नुहोस्। 5

26. ‘शहीदहरूको सम्झानामा’ कविताको सारांश लेख्नुहोस्। 5

27. निम्नलिखित कुनै **एक** विषयमाथि 10 - 12 पङक्तिभित्र एक अनुच्छेद लेख्नुहोस् : 5

(क) सर्व शिक्षा अभियान

(ख) अनुशासन

28. आफ्नो जीवनको लक्ष्यवारे पितालाई पत्र लेख्नुहोस्। 7

**अथवा**

बिजुलीको समस्यावारे अवगत गराउँदै सम्बन्धित अधिकारीलाई पत्र लेख्नुहोस्।

29. निम्नलिखित कुनै **एक** विषयमाथि लगभग 200 शब्दभित्र निबन्ध लेख्नुहोस् : 10

(क) पर्यावरण सङ्कट

(ख) इंटरनेटको महत्व

(ग) नेपाली तीज–त्योहार

(घ) भारतीय सेना

30. निम्नलिखित कुनै **एक** विषयको भाव–विस्तार गर्नुहोस् : 5

(क) मूर्खको औषधी हुँदैन

(ख) जहाँ इच्छा व्यहाँ उपाय

- o O o -